# काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**स्थानीय राजपत्रमा प्रकाशित**

**मिति २०७५।४।९**

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाइ प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौं महानगरपालिका नगर सभाले यो ऐन तर्जुमा गरी जारी गरेको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम **"काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन काठमाडौं महानगरपालिका क्षेत्रभित्र तुरुन्त लागु हुने छ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"** भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले काठमाडौं महानगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) **"महानगरपालिका"** भन्नाले काठमाडौं महानगरपालिकालाई सम्झनु पर्छ।

(च) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ङ) **"सभा"** भन्नाले संविधानको धारा २२३ बमोजिमको काठमाडौं महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(छ) **"स्थानीय ऐन"** भन्नाले "काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" सम्झनुपर्छ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम महानगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयहरुमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने छ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा सङ्घीय तथा प्रदेश कानुनबमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्रपर्ने विषयमा मात्र बनाउनुपर्ने छ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐनअर्न्तगत बनेको नियमावलीको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार विनियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्ने छ ।